# श्री सर्वोच्च अदालतमा चढाएको
# <u>निवेदनपत्र</u>

विषय :- **<u>उत्प्रेषणयुक्त परमादेश वा जो चाहिने उपयुक्त आदेश जारी गरी पाऊँ ।</u>**

नेपालका आदिवासीहरुका मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) का.जि.का.म.पा. वडा नं ३२, काठमाडौंको तर्फबाट सचिव ऐ ऐ बस्ने वर्ष ३८ को शंकर लिम्बू ..........१

किरात रदु नछिरिङ साखाम, का.जि., का.म.पा. वडा नं २९, ठमेल, काठमाडौंको तर्फबाट पूर्व अध्यक्ष हाल का.म.पा. वडा नं १३ वाफल बस्ने वर्ष ५२को प्रतापसिंह नाछिरिङ ........१

किरात राई यायोक्खा, का.जि., का.म.पा. वडा नं ३२, मैतिदेवी, काठमाडौंको तर्फबाट सचिव का.म.पा. वडा नं ३२, घट्टेकुलो बस्ने वर्ष ३८को भीम राई ............................१

राष्ट्रिय आदिवासी/जनजाति महिला महासंघ, का.जि. का.म.पा. वडा नं २९, सामाखुशी, काठमाडौंको तर्फबाट सचिव काजि का.म.पा.वडा नं ४, चण्डोल बस्ने वर्ष ३८ की चिनीमाया माझी ............................................................................................१

आदिवासी महिला कानूनी सचेतना समूह, का.जि. का.म.पा. वडा नं ३५, कोटेश्वर, काठमाडौंको तर्फबाट सचिव ल.पु.जि भैंसेपाटि वडा नं बस्ने वर्ष ३९ की इन्दिरा कुमारी श्रीस ............................................................................................१

ह्योल्मो संरक्षण तथा उत्थान परिषद, का.जि. का.म.पा. वडा नं ८ जोरपाटी , काठमाडौंको तर्फबाट अध्यक्ष हाल ऐ ऐ आरुवारी बस्ने वर्ष को टासी छिरिङ लामा .......१

सुनुवार सेवा समाज, का.जि., का.म.पा. वडा नं १०, वानेश्वर, काठमाडौंको तर्फबाट महासचिव का.म.पा. वडा नं ९ बस्ने वर्ष २९ की विमला सुनुवार ............................१

आठपहरिया किरात राई समाज, का.जि, कपन गा वि स वडा नं ३, काठमाडौंको तर्फबाट सहसचिव का.म.पा. वडा नं ७, चावहिल बस्ने वर्ष २८को मनोज राई .............१

नेवा देय् दबू, का.जि. का.म.पा. वडा नं २३, ओमबहाल, काठमाडौंको तर्फबाट सदस्य
का.म. पा  वडा नं २१, ज्याबहाल बस्ने वर्ष ५५ की मंगला कारंजित.............................१

नेपाल बोटे समाज, चितवन जिल्ला, गर्दी गा.वि.स.७, चितवनको तर्फबाट तर्फबाट सचिव
नवलपरासी जिल्ला, अग्यौंली गा.वि.स. वडा नं ४ बस्ने वर्ष ३१ को ज्ञान बहादुर बोटे ........१

हिमालय भोटे समाज, का.जि.का.म.पा. वडा नं ६, बौद्ध तीनचुली, काठमाडौंको तर्फबाट
अध्यक्ष का.जि. धापासी गा.वि.स वडा नं ३ बस्ने वर्ष ३१ को दावा साङमु भोटे  ................१

किरात चाम्लिङ राई भाषा तथा संस्कृति उत्थान संघ, का.जि. का.म.पा. वडा नं ५,
काठमाडौको तर्फबाट महासचिव  का जि, का. बस्ने वर्ष को राजु विक्रम चाम्लिङ .............१

लिल फङ्ग, का.जि., का.म.पा. वडा नं २९, सामाखुशी, काठमाडौंको तर्फबाट महासचिव
ऐ ऐ बस्ने वर्ष ३६ को जीत बहादुर घले ........................... .....................................१

नेपाल कुमाल समाज सुधार  समिति, का.जि., का.म.पा. वडा नं ३२, अनामनगर, काठमाडौंको
तर्फबाट तर्फबाट सचिव  ऐ ऐ बस्ने वर्ष को नगेन्द्र कुमाल .........................................१

किसान समुदाय विकास प्रतिष्ठान, झापा जिल्ला, मेची नगर, झापा.............................१ **निवेदक**

नेपाल माझी उत्थान संघ, सुनसरी जिल्ला, मधुवन गा.वि. स. वडा नं ७ शुक्रवारे झापाको
तर्फबाट उपाध्यक्ष का. म. पा वडा नं ४ बस्ने वर्ष ६० को धन बहादुर माझी .................१

करानी समाज सेवा संघ, का.म.पा. वडा नं ६,बौद्ध,  काठमाडौंको तर्फबाट सचिव ऐ ऐ बस्ने
वर्ष ३१ को गुरु श्याङग्याप लामा........................ ................................................१

याम्फुहाङ किरात राई एकता समाज, ल पु जि,  ललितपुर उपमहानगर पालिका वडा नं
ललितपुरको तर्फबाट सचिव  ऐ ऐ बस्ने वर्ष ..को विचारी याम्फु 'विशाल' ....................१

किरात याक्थुङ चुम्लुङ, ल पु जि, ललितपुर उ.म.न. पा. वडा नं १४ धोबीघाट
ललितपुरको तर्फवाट उपाध्यक्ष ऐ ऐ बस्ने वर्ष ४६ को उत्तम सिं थाङदेन .......................१

**विरुद्ध**

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री नेपाल सरकार मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौ.................................१

सम्माननीय सभाध्यक्ष, श्री सुभाषचन्द्र नेम्वाङ्ग, संविधान सभाध्यक्षको कार्यालय, सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री संविधानसभा तथा व्यवस्थापिका-संसद, व्यवस्थापिका-संसदको कार्यालय, सिंहदरबार, काठमाडौं .. ........................................................................................१

माननीय मन्त्री श्री रामचन्द्र झा, स्थानीय विकास मन्त्रालय, श्रीमहल, ललितपुर ...............१

माननीय मन्त्री श्री देव प्रसाद गुरुङ्ग ,कानून न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय सिंहदरबार, काठमाडौं ........................................................................................१

माननीय मन्त्री श्री गोपाल किराँती, संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय, सिंहदरवार काठमाडौं ........................................................................................१

श्री सभापति, संविधानसभा संवैधानिक समिति, समितिको सचिवालय संसद् भवन, सिंहदरवार, काठमाडौं ........................................................................................१ **विपक्षी**

श्री सभापति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, समितिको सचिवालय, संसद भवन सिहदरबार, काठमाडौं ........................................................................................१

श्री सभापति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति, समितिको सचिवालय, संसद भवन सिहदरबार, काठमाडौं ........................................................१

श्री सभापति, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति, समितिको सचिवालय, सिंहदरबार, काठमाडौं ........................................................................................१

श्री सभापति, व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति, समितिको सचिवालय, सिंहदरबार, काठमाडौं । ........................................................................................१

श्री सभापति, राज्यको शासकीय स्वरुप निर्धारण समिति, समितिको कार्यालय, सिंहदरबार, काठमाडौं........................................................................................१

श्री सभापति, न्याय प्रणाली सम्वन्धी समिति, समितिको सचिवालय,सिंहदरबार, काठमाडौं ......१

श्री सभापति, संवैधानिक निकायको संरचना निर्धारण समिति, समितिको कार्यालय
संसद भवन, सिहदरबार काठमाडौं..........................................................................१

श्री सभापति, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति,
समितिको कार्यालय, संसद भवन काठमाडौ..................................................................१

श्री सभापति, साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति, समितिको कार्यालय,
सिंहदरबार, काठमाडौं..............................................................................................१

श्री सभापति, राष्ट्रिय हितको  संरक्षण समिति,समितिको कार्यालय,  सिंहदरवार, काठमाडौ .........१

श्री सभापति, नागरिक सम्बन्ध समिति,समितिको कार्यलय, संसद भवन,सिहदरबार, काठमाडौं .....१

श्री सभापति, जनमत संकलन तथा समन्वय समिति, समितिको कार्यालय, सिंहदरबार, काठमाडौं....१

श्री सभापति, क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समिति, समितिको कार्यालय सिंहदरबार
काठमाडौं........ ...................................................................................................१

हामी निवेदकहरु नेपालका आदिवासीहरुका हक, मानवअधिकार, आधारभूत स्वतन्त्रता तथा विकासमा कार्यरत, प्रतिनिधिमूलक संघसंस्थाहरु भएको आधारमा सम्पन्न संविधानसभा तथा चालू रहेको संविधान निर्माण प्रकृयामा नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल पक्षराष्ट्र रहेका विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुद्वारा प्रत्याभूत गरिएका आदिवासीहरुको राजनीतिक अधिकार अन्तर्गत स्वतन्त्ररुपले आफ्नो प्रतिनिधिमूलक संघसंस्थावाट प्रत्यक्षरुपमा छानेर पठाएको प्रतिनिधिमार्फत संविधानसभा र संविधान निर्माण प्रकियामा स्वतन्त्ररुपले भाग लिन पाउने ***संवैधानिक तथा कानूनी अधिकार***वाट वञ्चित गरिएको हुनाले अन्यायमा परेको व्यहोरा निम्न प्रकरणहरुमा उल्लेख गरी न्यायको लागि सम्मानित सर्वोच्च अदालतसमक्ष  निवेदन वापत लाग्ने दस्तुर रु ५००/- बुझाएको निस्सा यसैसाथ संलग्न राखी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम निवेदन गर्दछौं ।

१. आदिवासी/जनजातिहरुलाई नेपालको अन्तरिम संविधान,२०६३ र नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ द्वारा आदिवासी/जनजाति समुदायका रुपमा पहिचान तथा मान्यता प्रदान गरिएको छ । उक्त प्रतिष्ठान ऐन, २०५८ को दफा २ (क)  मा ***“आदिवासी /जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज,  छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय”*** भनि परिभाषा गर्दै ५९ वटा जातिहरुलाई सूचीकृत गरेको छ । सोही ऐनको परिभाषा भित्र परेका र आदिवासीहरुका अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा १ को मापदण्ड (Criteria) भित्र रहेका र स्व-पहिचानका आधारमा प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत हुन वाँकी रहेका आदिवासीहरुका आ-आफ्नै

प्रकारका परम्परागत तथा प्रतिनिधिमूलक जातीय संस्थाहरु रहेका छन् । यी संस्थाहरु सम्बन्धित आदिवासीका प्रथा, परम्परा अनुरुप राजनैतिक अधिकारको अभ्यास गर्ने संस्था मौलिक हक हुन् । आदिवासीहरुसंग सम्बन्धित र उनीहरुका अधिकारलाई प्रभावित पार्ने लगायतका विषयहरुमा यी प्रतिनिधिमूलक संस्थामार्फत आन्तरिक तथा राज्यका विभिन्न तहका निर्णय गर्ने निकाय तथा संयन्त्रमा सहभागिता र प्रतिनिधित्व हुन पाउने आदिवासीहरुका आधारभूत अधिकारहरुलाई विशेष अधिकारका रुपमा नेपाल पक्षराष्ट्र रहेका मानवअधिकार तथा विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुद्वारा प्रत्याभूत गरिएका छन् ।

२. माथि प्रकरण १ मा उल्लेखित विषयहरुका सम्बन्धमा गत २८ चैत्र, २०६४ मा सम्पन्न संविधानसभाको निर्वाचनमा ***नेपालको अन्तरिम संविधान, २०६३*** को प्रस्तावनामा व्यवस्थित नेपाली जनताले विभिन्न समयमा लोकतन्त्र, शान्ति र अग्रगमनका निम्ति गर्दै आएको संघर्ष, क्रान्ति तथा जनआन्दोलन पश्चात् मुलुकमा आएको राजनैतिक परिवर्तनका उपलब्धिहरुलाई संस्थागत गर्न जारी गरिएको उल्लेखित देशमा विद्यमान रहेका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याको समाधानका लागि राज्यको अग्रगामी पुनर्संरचना गर्नपर्ने तथा ***"नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने, भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति"*** गर्नु पर्ने , अन्तरिम संविधान, २०६३ को धारा २ मा " ***नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहने*** " आफ्नो विषयमा अन्तिम निर्णय गर्नपाउने अवशिष्ट अधिकार प्रत्येक नेपाली जनतामा रहने किटानी व्यवस्था; संविधानको मौलिक हक अर्न्तगत धारा १२ (३) (क) ले प्रत्येक नागरिकलाई प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रत्यभूति; मौलिक हककै शीर्षक अर्न्तगत धारा २१ मा "***आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुन पाउने*** " जस्ता मौलिक हकहरुको उल्लंघन गर्दै संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधानसभा सदस्य निर्वाचन नियामवली, २०६४ ले व्यक्ति विशेष (***Individual***) र राजनैतिक पार्टी (***Political Party***) मार्फत मात्र संविधान निर्माण प्रकृयामा भाग लिन पाउने व्यवस्था गरी आदिवासी जनजातिहरुको आधारभूत तथा राजनैतिक अधिकार अर्न्तगत आफनो परम्परागत तथा प्रतिनिधिमूलक जातीय संस्थाहरुबाट आफनो मौलिक प्रकृया बमोजिम स्वतन्त्ररुपले छानिएर आएका प्रतिनिधिमार्फत सहभागी हुनबाट निषेध (***Prohibition***), विभेद (***Discrimination***), बहिष्करण (***Exclusion***) तथा राजनीतिक पार्टीलाई मात्र प्राथमिकता (***Preference***) दिने र यी पार्टीहरुमा आदिवासीहरुलाई बलात विलय (***Asimilation***) गर्ने कार्य भएको छ । साथै जारी संविधान निर्माण प्रक्रियामा समेत सोहि कार्यलाई निरन्तरता दिई उल्लेखित मौलिक हक उपभोग गर्नबाटसमेत बञ्चित गरिएको प्रष्ट छ ।

३. नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हक शीर्षक अर्न्तगत धारा १३ (१) मा ***"सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।"*** त्यस्तै धारा १३ (३) मा ***"राज्यले नागरिकहरुका वीच धर्म, वर्ण ,जात, जाति, लिङ्ग, उत्पत्ति भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन*** " भन्ने व्यवस्था रहेको छ । सोहि धाराको प्रतिवन्धात्मक वाक्यांशमा आदिवासी/जनजातिहरु समेतलाई विशेष कानूनद्वारा संरक्षित गर्नु पर्ने भनि राज्यलाई स्पष्ट दिशानिर्देश गरेको अवस्था छ । यसका साथै उनीहरुको वैचारिक आस्थालाई राज्यले विभेद गर्न बन्देज गरेको संवैधानिक व्यवस्थालाई नजरअन्दाज गर्दै उनीहरुको

अस्थित्व, पहिचान र आस्थाको विषय अर्न्तगतको परम्परागत तथा प्रतिनिधिमूलक संस्थामार्फत मौलिक राजनैतिक प्रणालीको अभ्यास गर्नबाट बन्चित हुने गरी संविधानसभा तथा संविधान निर्माण प्रक्रियासंग सम्बन्धित कानूनहरुको निर्माणद्वारा आदिवासीहरुलाई राज्यले विभेद गरेको छ । आदिवासीहरुको मौलिक राजनैतिक संयन्त्र तथा प्रक्रिया मार्फत राजनैतिक अधिकारको उपभोग तथा अभ्यास गर्न पाउने सामुदायिक लोकतन्त्र (Communitarian Democracy) बाट बन्चित गरिएको मात्र नभई आदिवासीहरुको सर्न्दभमा बाह्य राजनीतिक प्रक्रिया (Alien Political system) लाई मात्र राज्यले संरक्षण गरी आदिवासीहरुलाई कानूनको समान संरक्षणबाट बन्चित गरेको प्रष्ट छ ।

४. नेपालले हस्ताक्षर गरी तथा सहमति जनाई  पक्षराष्ट्र बनेका ***नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ (***International Covenant on Civil and Political Rights (ICCPR), ***आर्थिक, सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६,(***International Covenant on Economic, Social and Cultural Rights (ICESCR)***, सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि, १९६५,*** (International Convention on the Elimination of all  Forms of Racial Discrimination (ICERD). ***आदिवासीहरुसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठन महान्धि नं. १६९, (***Indigenous and Tribal Peoples Convention, 1989 (No.169)***, आदिवासीहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७,*** (UN Declaration on the Rights of Indigneous Peoples (UNDRIP) तथा अन्य अन्तर्राष्ट्रिय कानूनहरुद्वारा प्रत्याभूत गरिएका संविधानसभाको गठन र संविधान निर्माण प्रकृयामा प्रत्यक्ष तथा स्वतन्त्र रुपले मौलिक प्रकिया बमोजिम सहभागी हुन पाउने  आदिवासीहरुको कानूनी अधिकारको  उल्लंघन गरिएको छ । उल्लिखित अन्तर्राष्ट्रिय कानूनहरु, नेपाल संन्धि ऐन, २०४७ को दफा ९ मा“***संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृत वा समर्थन भई नेपाल राज्य ....सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ*** ।” भन्ने रहेको कानूनी व्यवस्थालाई राज्यले अनिवार्य रुपमा पालना गर्नु पर्दछ । यी कानूनका प्रावधानहरु स्वतः कार्यान्वयन (Self- Execution) को प्रकृतिका भएका हुनाले सोहि बमोजिम नेपालको संविधान तथा कानूनमा व्यवस्थित गरिएका छन् । यस विषयमा सम्मानित श्री सर्वोच्च अदालतको संयुक्त इजलासबाट रविन्द्र प्रसाद ढकाल समेत विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा (नेकाप २०६४पृ.स. १६९, नि.न. ७८१७) “ ***नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका सन्धि सम्झौताको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था गरेकाले नेपालले समेत स्वीकार गरिसकेका यी दस्तावेजहरुले निर्धारण गरेको दायित्वबाट राज्यले उन्मूक्ति पाउन सक्ने अवस्था नरहने ।  विदेशी तथा मानवअधिकारसम्बन्धी क्षेत्रीय अदालतहरुले गरेका निर्णय अनुरुप विकसित भएका मानवअधिकार्सम्बन्धी मापदण्ड र सिद्धान्तहरु हाम्रो संविधानले अङ्गिकार गरेको, न्यायका मान्य सिद्धान्तका रुपमा बेपत्ता भएका नागरिकहरुप्रति राज्यको के कस्तो दायित्व रहने भनी स्थापित सिद्धान्तलाई अदालतले उदाहरणको रुपमा लिन सक्ने । संविधानको भाग ४ अन्तर्गतको प्रावधानहरु कार्यान्वियन भए वा नभएको सम्वन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने भनी धारा ३६ ले व्यस्था गरेको भए तापनि यी प्रावधानहरुमा भएका व्यवस्था राज्यका प्रतिवद्धता हुन् भन्ने कुरामा विवाद नदेखिने”*** भन्ने सिद्धान्त प्रतिपादन भएको छ । त्यस्तै अन्तरिम संविधानको धारा ३३ (ड) को व्यवस्था अनुसार राज्य पक्ष भएको सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यलाई तोकिदिएको

दायित्व विपरीत माथि उल्लेखित अन्तर्राष्ट्रिय कानूनका प्रावधान, नजीर तथा संविधानले तोकिदिएको दायित्व वेवास्ता गरी संविधान निर्माण प्रकृियामा आफ्नो प्रतिनिधिमूलक संस्था तथा प्रकिया बमोजिम स्वतन्त्ररुपमा छानिएका प्रतिनिधिमार्फत संविधान निर्माण प्रक्रियामा सहभागी हुनबाट बञ्चित गरिएको प्रष्ट छ ।

५.माथि प्रकरण ४ मा उल्लेख गरिएको आदिवासीहरुले मौलिक प्रक्रिया अभ्यास गर्दै प्रतिनिधिमूलक संस्था मार्फत संविधान सभामा भाग लिन पउने अन्तर्राष्ट्रिय कानूनहरुद्वारा प्रत्याभूत अधिकारको उल्लघंन सम्बन्धमा संयुक्त राष्ट्रसंघका आदिवासीहरुको मानवअधिकार तथा आधारभूत स्वतन्त्रता हेर्ने विशेष समाधीक्षक प्रो.जेम्स अनायाले प्रेस विज्ञप्तीमार्फत "आदिवासीहरुको संविधानसभामा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदत्त स्वतन्त्ररुपले आफ्नो प्रक्रिया तथा प्रतिनिधिमूलक संघ संस्थामामार्फत सहभागी हुन पाउने र उनीहरुसंग स्वतन्त्र सहमति कायम गर्न राज्यले वैकल्पिक व्यवस्था गर्नपर्ने" सिफारिश गर्नु भएको अवस्था विद्यमान छ, जसले संविधानसभा तथा संविधान निर्माण प्रक्रियामा आदिवासीको सहभागिता हुन नपाई अन्तर्राष्ट्रिय कानूनको पालना नभएको हुँदा यी विषयहरुको सम्वोधनका निम्ति राज्यले आवश्यक व्यवस्था गर्नको विकल्प नरहेका देखिन्छ ।

६.माथि प्रकरण ५ मा उल्लेख गरिएका अन्तर्राष्ट्रिय कानूनहरुले आदिवासीहरुको मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको अधिकार प्रत्याभूत गरेका छन् । यी प्रत्याभूत गरिएका अधिकारहरु सामूहिक तथा व्यक्तिगत प्रकृतिका रहेकाछन् । यसै सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १ (ख) अनुसार आदिवासीहरुको आफ्नै सामाजिक, आर्थिक, सांस्कृतिक संस्थाहरु कायम रहेका छन् भनी मान्यता दिइएको छ । त्यस्तै आदिवासीहरुको कानूनी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७, को धारा ५ को व्यवस्था अनुसार "Indigenous peoples have the right to maintain and strengthen their distinct political, legal, economic, social and cultural institutions, while retaining their right to participate fully, if they so choose, in the political, economic, social and cultural life of the State." अर्थात् आदिवासीहरुको विशेष प्रकारका राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संस्थाहरुलाई कायम तथा सशक्तिकरण गर्ने, भिन्न समुदायको रुपमा आफ्नो पहिचानसहित रहन पाउने र आफ्नो राजनैतिक संस्थामार्फत राज्यको राजनीतिमा भाग लिन पाउने अधिकार प्रत्याभूत गरेको छ । घोषणापत्रको धारा १८ को व्यवस्था अनुसार " Indigneous peoples have the right to participate in decision-making in matters which would affect their rights, through representatives chosen by themselves in accordance with their own procedures, as well as to maintain and develop their own indigenous decision-making institutions" अर्थात् आदिवासीहरुको अधिकारलाई प्रभावित पार्ने सबै तहको निर्णय गर्ने प्रकृयाहरुमा आफनो मौलिक निर्णय गर्ने संस्थाहरु मार्फत सहभागी हुन पाउने सामूहिक राजनैतिक सहभागिताको अधिकार (Collective Political Rights) को प्रत्याभूत गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा ६ (१) (ख) ले सबै तहको निर्वाचित निर्णय गर्ने संस्थाहरुमा अन्य समुदाय जत्तिकै हैसियत देखिने गरी स्वतन्त्रतापूर्वक भाग लिन सक्ने उपाय स्थापना गर्नपर्ने दायित्व राज्यलाई तोकिदिएको छ । Article 6.1 .b establish means by which these peoples can freely participate, to at least the same extent as other sectors of the population at all levels of decision-making in elective institutions and administrative and other bodies responsible for policies and programs which

concern them " यसरी स्वतन्त्ररुपले सहभागिताको लागि उपाय अपनाउदा धारा ६(१) (क) अनुसार खासगरी उनीहरुको प्रतिनिधिमूलक संस्थामार्फत् उचित प्रकृया अपनाई परार्मश गर्नुपर्ने दायित्व राज्यलाई तोकिएको छ । ... Article 6.1.a consult the peoples concerned through appropriate procedure and in particular through their representative institutions" यी व्यवस्थाहरु विपरित आदिवासीहरुलाई प्रत्यक्ष प्रभावित पार्ने र उनीहरुको भविष्य निर्माणसंग घनिष्ट रुपमा जोडिएको संविधान निर्माण प्रकृयामा प्रत्यक्ष सहभागिता तथा परामर्श नै नगरी संविधानसभा निर्वाचन ऐन, २०६४ को दफा ५ र ६ मा स्वतन्त्र व्यक्ति तथा राजनैतिक दलहरुले मात्र संविधान सभामा भाग लिन पाउने व्यवस्था गरिएको छ । यसबाट आफनो प्रतिनिधिमूलक संस्थाबाट चुनिएर आएका प्रतिनिधिहरुद्वारा प्रत्यक्ष रुपमा सहभागी हुन पाउने महासन्धिको धारा ६(१) (ख) र ६(१) (क)द्वारा प्रत्याभूत अधिकारको गम्भीररुपमा उल्लंघन हुनका साथै महासन्धिको धारा ३(१)(२) अनुसार विनाभेदभाव तथा अड्चन मानव अधिकारको पूर्ण उपभोग गर्न पाउने र मानवअधिकारको उल्लंघन हुनेगरी कुनै पनि प्रकारको शक्ति वा करकाप गरिने छैन भन्ने प्रावधानको विरुद्ध निर्वाचन आयोग ऐन, २०६३, संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ तथा नियमावली, २०६४ लागू गरी आदिवासीहरुलाई संविधानसभा गठनमा बहिष्करण गरिएको छ ।

६. आदिवासीहरुको अधिकारसम्वन्धी महासन्धि नं १६९ को धारा २(१) मा “Governments shall have the responsibility for developing, with the participation of the peoples concerned, co-ordinated and systematic action to protect the rights of therse peoples and to guarantee respect for their integrity” आदिवासीहरुको सहभागिता र सरोकारमा उनीहरुको अधिकारलाई संरक्षण गर्न र उनीहरुको आत्म-सम्मानको प्रत्याभूतिका लागि राज्यले समन्वयात्मक र प्रणालीबद्ध कार्य गर्ने जिम्मेवारी राज्यको रहने, “ 2.2.a Such action shall included measures for: (a) ensuring that members of therse peoples benefit on and equal footing from the rights and opportunities which national laws and regulations grant to other members of the population;” धारा २.२.(क) राष्ट्रिय कानून तथा नियमहरुद्वारा प्रदत्त अधिकार तथा अवसर अन्य समुदायसरह समान हैसियत रहने गरी आदिवासीले फाइदा पाउने विषय राज्यले सुनिश्चित गर्नुपर्ने व्यवस्था संविधानसभा तथा संविधान निर्माण प्रक्रियामा विल्कुल उल्लंघन गरिएको छ ।

७. संविधानसभा निर्वाचन ऐन, २०६४ को दफा २ (ठ), दफा ७ (३), संविधानसभाको निर्वाचनमा राजनीतिक दलहरुले उम्मेदवारको बन्द सूची तयार गर्दा आदिवासी / जनजाति समेतको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनुपर्ने र संविधानसभा नियमावली, २०६५ को नियम ६५(४), ६६, ६९ मा राजनैतिक दलहरुद्वारा संविधानसभा अन्तर्गत गठन गरिने समितिहरुमा मनोनयन गर्दा आदिवासी / जनजाति समेतको समानुपातिक प्रतिनिधित्वलाई संविधानसभाको दलीय संरचनाको अधारमा ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ । यी कानूनहरुमा उल्लेखित समानुपातिक व्यवस्थाले आदिवासीहरुसँग प्रत्यक्ष सरोकार राख्दछ र प्रभावित बनाउँदछ । त्यस्तो अवस्थामा अन्तर्राष्ट्रिय श्रम संगठन महान्धि नं. १६९ को धारा ६(१) तथा सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा ५(ग) अनुरुप आदिवासीहरुसंग **अग्रीम परामर्श** कायम गरेर मात्र त्यस्ता कानून लागू गर्नुपर्दछ । सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि अनुगमन गर्ने समितिले महासन्धिको विषयमा व्याख्या गर्दै आदिवासीहरुको अधिकार सुनिश्चित गर्न पक्षराष्ट्रहरुलाई सिफारिश नं.२ ३ (General

Recomendation XXIII) को २ नं. बुँदामा महासन्धि आदिवासीहरुको लागि प्रयोग हुन्छ, साथै बुँदा ४ (ग) मा पक्षराष्ट्रहरुले सार्वजानिक जीवनमा प्रभावकारी सहभागिताको अधिकारलाई मान्यता दिने, उनीहरुको अधिकार र चाहनालाई प्रत्यक्ष असर पार्नेमा सुसुचित सहमति विना कुनै निर्णय लिइने छैन भन्ने व्यवस्था गरेको छ । नेपालले सहमति जनाएको आदिवासीहरुको अधिकारसम्बन्धी घोषणापत्र, २००७ को धारा १९ को व्यवस्था अनुरुप "State shall consult and cooperate in good faith with the indigneous peoples concerned through their own representative insitution in order to obtain their free, prior and informed consent before adopting and implementing legislative or administrative measures that may affect them" अर्थात् राज्यले इमान्दारीताका साथ व्यवस्थापिकीय वा प्रशासनिक उपाय अपनाउँदा, कार्यान्वयन गर्दा आदिवासीहरुको प्रतिनिधिमूलक संस्थाको अग्रीम स्वतन्त्र सहमति लिन पर्दछ । यी प्रावधान विपरीत माथि उल्लेखित संविधानसभा गठन, निर्वाचन तथा संविधानसभा सम्बन्धी ऐन, नियमावलीहरु आदिवासीहरुसंग अग्रीम परार्मश तथा सहमति कायम नगरी लागू गरिएको स्पष्ट छ ।

८. संविधानसभा नियमावली, २०६५ को नियम ६४ ले संवैधानिक समिति, विषयगत समिति र प्रकृयागत समिति गठन गर्न सकिने व्यवस्था गरेकोछ । नियम ६५ ले संवैधानिक समिति रहने व्यवस्था गरेको छ । नियम ६६ मा संविधानमा रहने विभिन्न विषयहरुमध्ये आफूलाई तोकिएको विषयमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार गर्ने प्रयोजनको लागि (१) मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति (२) अल्पसंख्यक सीमान्तकृत समूदायको हक अधिकार संरक्षण समिति (३) राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति (४) व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति (५) राज्यको शासकीय स्वरुप निर्धारण समिति (६) न्याय प्रणाली सम्वन्धी समिति (७) संवैधानिक निकायको संरचना निर्धारण समिति (८) प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व वाँडफाँड समिति (९) साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति (१०) राष्ट्रियहितको संरक्षण समिति रहने व्यवस्था गरिएको छ । नियम ६७ मा संविधानसभाको संविधान निर्माण कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पर्ने महत्वपूर्ण प्रशासनिक र प्रकृयागत कार्यको लागि (१) नागरिक सम्बन्ध समिति (२) जनमत संकलन तथ समन्वय समिति (३) क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिको व्यवस्था छ । यी समितिहरुले आफ्नो कार्यक्षेत्र बनाई संविधानको मस्यौदा गर्न समेत प्रारम्भ गरेका छन् । उल्लिखित विषयगत समितिहरुको व्यवस्थाले देशको कुल जनसंख्याको ३७.२ प्रतिशत ओगटेको आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ द्वारा विभिन्न समुदायको रुपमा पहिचान गरिएको व्यवस्थालाई बेवास्ता गरी आदिवासी / जनजातिसम्बन्धी समितिको व्यवस्था नगरी संविधानको धारा २१ तथा ३३ (घ१)द्वारा प्रदत्त राज्य संरचनामा सहभागी हुन पाउने हकको उल्लंघन गरेको छ । यसको अलावा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा ६(१) (क) र धारा ६(१)(ख) को प्रावधान अनुसार न्यूनतम रुपमा पनि अन्य समुदाय जत्तिकै हैसियतमा स्वतन्त्र रुपमा विनाबाह्य हस्तक्षेप प्रतिनिधित्वको सुनिश्चित गर्नका लागि उचित ***प्रकृया तथा संयन्त्रहरु*** स्थापना गर्नपर्ने दायित्वको उल्लंघन गरी संविधान निर्माण प्रकृयामा आदिवासीहरुको कुनै समिति नै गठन गरिएको छैन । गठन गरिएका यी समितिहरुको कार्यक्षेत्रमा समेत आदिवासीहरुको विषयमा काम गर्ने जिम्मेवारी तोकिएको छैन भने अर्कोतर्फ आदिवासीहरुको सहभागिता तथा उनीहरुको अधिकार तथा सरोकारमा गम्भीर असर पार्ने गरी मस्यौदा गर्न प्रारम्भ गरिएको छ ।

९. नेपालको कुल जनसंख्याको ३७.२% प्रतिशत जनसंख्या रहेका र राज्य संरचनामा अत्यन्तै न्यून संख्यामा उपस्थित रहेका आदिवासीहरुको विकास र संरक्षणको विषय समग्र राष्ट्रको विकास, कानूनी राज्य, दिगो शान्ति, सुव्यवस्था र राज्य पुनःसंरचनासंग जोडिएका विषयवस्तुहरु हुन् । संविधान निर्माण प्रक्रियामा आदिवासीहरुको अर्थपूर्ण सहभागिताविना राज्य पुनःसंरचना अधुरो र अपूरो रहने निश्चितप्रायः छ । राज्य पुनर्संरचना, विगतमा भएका राष्ट्र निर्माण प्रक्रियामा छुट्न गएका विषय तथा समुदायहरु समेतको सहभागिता तथा समावेशी सिद्धान्तको आधारमा राज्य पुनःसंरचना पुनःराष्ट्र निर्माण प्रकिया ( Be-lated nation building process) हो । पुनःराष्ट्र निर्माण प्रकिया Be-lated nation building process आत्म-निर्णयको अधिकारसंग जोडिएको विषयवस्तु हो, जसलाई ***नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६, आर्थिक, सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६*** को धारा १ र **आदिवासीहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७** को धारा ३ द्वारा प्रत्याभूत गरिएको छ । आदिवासीहरुलाई राज्य पुनःसंरचनामा स्वतन्त्ररुपले सहभागी हुनबाट बन्चित गरिएको कार्यले उनीहरुको आत्म-निर्णयको अधिकार, लोकतान्त्रिक सहभागिता, विकास र संरक्षणको अधिकार उल्लंघन भएको छ ।

१०.अतः माथि प्रकरण प्रकरणमा उल्लेख गरिए बमोजिम नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनाको भावना तथा मर्म, मौलिक हक अन्तर्गतका धारा १२ (३)(क), धारा २१ र धारा ६३ (३)(ग)को व्यवस्था विपरित आदिवासीहरुलाई संविधानसभा तथा संविधान निर्माण प्रक्रियामा आफनो प्रतिनिधिमूलक संघसंस्थामार्फत स्वतन्त्र रुपले आफ्नो प्रकृया बमोजिम छानिएको प्रतिनिधिमार्फत सहभागी हुन, विचार तथा अभिव्यक्ति राख्न पाउने हकको परिपालन तथा प्रचलनका लागि संविधानसभा निर्वाचन ऐन तथा नियमावली र संविधानसभा नियमावलीलाई संशोधन गर्न वा अन्य उपयुक्त व्यवस्थाको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम जो चाहिने आज्ञा वा आदेश जारि गरिपाऊँ ।

११.***सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने महसान्धि, १९६५, को धारा ५ (ग) तथा महासन्धि अनुगमन समितिको सिफारिश नं. २३ को बुँदा नं २ र ४(घ) अन्तर्राष्ट्रिय श्रम संगठन महसान्धि नं. १६९, ६(१) आदिवासीहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७,*** को धारा १८ बमोजिम आदिवासी/जनजातिहरुको संविधान निर्माण प्रकृयामा आफनो प्रतिनिधिमूलक संघसंस्थामार्फत स्वतन्त्र रुपले आफनो प्रकृया बमोजिम छानिएको प्रतिनिधिमार्फत सहभागिताको लागि संविधान, ऐन तथा नियमावलीमा आवश्यक संशोधन लगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ ।

१२.***नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१, धारा ३३ (घ१*** )तथा ***सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने महसान्धि, १९६५, को धारा ५ (ग) तथा महासन्धि अनुगमन समितिको सिफारिश नं. २३ को बुँदा नं २ र ४(घ) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९को धारा २.२(१) क र ख, धारा ६(१)(क)(ख), आदिवासीहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७,*** को धारा १९ द्वारा प्रत्याभूत गरिएको अग्रिम सुसूचित सहमतिको अधिकारलाई सुनिश्चित गर्न, संविधानसभामा आदिवासीहरुको छुट्टै समितिको गठन, उनीहरुसंग अग्रीम परार्मश र सहमतिको विशेष प्रक्रिया र संयन्त्रको स्थापना गर्न संविधान, संविधानसभा निर्वाचन ऐन, २०६४, नियमावली, २०६४ तथा संविधानसभा नियमावली, २०६५मा आवश्यक संशोधन तथा परिमार्जन गर्नको निम्ति परमादेश वा अन्य उपयुक्त आदेश जारी गरिपाऊँ ।

१३. अन्तरिम संविधान, २०६३ र अन्तर्राष्ट्रिय कानूनका माथि प्रकरण प्रकरणमा उल्लेखित धाराहरुले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुको हक तथा कानूनी अधिकार विपरीत संविधानसभा तथा संविधान निर्माण प्रकृया आदिवासी/जनजातिहरुको स्वतन्त्र तथा प्रत्यक्ष सहभागिताविना प्रारम्भ हुन लागेको हुँदा आदिवासी जनजातिहरुको अधिकार गम्भीर रुपमा हनन् हुने प्रवल सम्भावना रहेको हुनाले संविधान निर्माण प्रकृयामा आदिवासी जनजातिहरुको स्वतन्त्र सहभागिता, स्वतन्त्र सहमतिको लागि आवश्यक प्रकिया तथा संयन्त्र निर्माण तथा आदिवासी जनजातिहरुको छुट्टै समिति निर्माण नगरी संविधान निर्माण प्रकृयाका कुनै पनि कार्यहरु यस मुद्दाको अन्तिम किनारा नभए सम्मका लागि नगर्न नगराउन विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरिपाऊँ ।

**संलग्न प्रमाणका प्रतिलिपि**

१) रीट निबेदक संस्थाहरुको कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी थान ..............................१९

२) आदिवासीहरुको मानवअधिकार हेर्ने संयुक्त राष्ट्र संघीय समाधीक्षकद्वारा गरिएको तथा संयुक्त राष्ट्र संघीय मानब अधिकार उच्चायुक्तको कार्यलय नेपालद्वारा प्रकाशीत प्रेश विज्ञप्ती थान .................. १

३) यस मुद्धामा हामी निवेदकहरुका तर्फबाट मुकरर हुने कानून व्यवसायीहरुको बहस पैरवी तथा पेश हुने नजीर  समेतलाई यसै रीट निबेदनको अभिन्न अंग मानि पाऊँ ।

यस निवेदनपत्रमा लेखिएको व्यहोरा ठीक साँचो छ भुठा ठहरे कानून वमाजिम सहुँला वुझाउँला

रीट निवेदकहरु

(लाहुर्निप)को तर्फबाट निज सचिव शंकर लिम्बू

किरात रदु नछिरिङ साखाम, तर्फबाट निज प्रतापसिंह नाछिरिङ

किरात राई यायोक्खा, तर्फबाट निज भीम राई

राष्ट्रिय आदिवासी/जनजाति महिला महासंघ, तर्फबाट निजकी चिनीमाया माझी

आदिवासी महिला कानूनी सचेतना समूह तर्फबाट निज इन्दिरा कुमारी श्रीस

ह्योल्मो संरक्षण तथा उत्थान परिषद, तर्फबाट निज टासी छिरिङ लामा

सुनुवार सेवा समाज, तर्फबाट निज विमला सुनुवार

आठपहरिया किरात राई समाज, तर्फबाट निज मनोज राई

नेवा देय् दबू, का.जि. तर्फबाट निज मंगला कारंजित

नेपाल बोटे समाजे, तर्फबाट निज ज्ञान बहादुर बोटे

हिमालय भोटे समाजको तर्फबाट निज दावा साङमु भोटे

किरात चाम्लिङ राई भाषा तथा संस्कृति उत्थान संघ, तर्फबाट निज राजु विक्रम चाम्लिङ

लिल फङ्ग, तर्फबाट निज जीत बहादुर घले

नेपाल कुमाल समाज सुधार समितिको तर्फबाट निज नगेन्द्र कुमाल

किसान समुदाय विकास प्रतिष्ठान, झापा जिल्लाका तर्फबाट निज .......

नेपाल माझी उत्थान संघको तर्फबाट निज धन बहादुर माझी

करानी समाज सेवा संघका तर्फबाट निज गुरु श्याङग्याप लामा

याम्फुहाङ किरात राई एकता समाजका तर्फबाट निज विचारी याम्फु'विशाल'

किरात याक्थुङ चुम्लुङका तर्फवाट निज उत्तम सिं थाङदेन

इति सम्वत २०६५ साल ...महिना ...रोज शुभम् ...........

बरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर
अधिवक्ता कुमार योञ्जन तामाङ
अधिवक्ता मुक्ति प्रधान
अधिवक्ता उत्तम सिं थाङदेन
अधिवक्ता दिनेश कुमार घले
अधिवक्ता शंकर लिम्बू
अधिवक्ता भगवान गुरुङ
अधिवक्ता कुमार इङनाम
अधिवक्ता दिलिप मादेन
अधिवक्ता प्रेम राई
अधिवक्ता वि.बी. राई
अधिवक्ता तेज बहादुर राई
अधिवक्ता चण्डेश्वर श्रेष्ठ
अधिवक्ता बल बहादुर राई
अधिवक्ता सम्बोजेन लिम्बू
अधिवक्ता थाइन्द्र बहादुर आङबुहाङ
अधिवक्ता कुङसान लामा
अधिवक्ता राम बहादुर थापा
अधिवक्ता इन्दिरा कुमारी श्रीरिष
अधिवक्ता सारदा सुब्बा
अधिवक्ता कौशिला राई
अधिवक्ता अमृता थेबे
अधिवक्ता लक्ष्मी राई
अधिवक्ता रामजी कोङग्याङ
अधिवक्ता रामप्यारी सुनुवार
अधिवक्ता टंक बहादुर राई
अधिवक्ता शान्तिकुमारी राई
अधिवक्ता भीम राई
अधिवक्ता रमण कुमार श्रेष्ठ
अधिवक्ता श्रीधर डाखुशी
अधिवक्ता रामनाथ राई
अधिवक्ता राजु गुरुङ
अधिवक्ता दिपक राई
अधिवक्ता विसन राई
अधिवक्ता श्रीभक्त भडेल
अधिवक्ता विनोद पराजुली
अधिवक्ता चन्द्रलाल श्रेष्ठ
अधिवक्ता चेत बहादुर आले
अधिवक्ता नबीन लिङदेन